जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः २९० पृष्ठः ४ | २०८१ चैत्र ०५ गते मंगलबार (Tuesday 18 March 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## राजीनामा दिइसकेका शिक्षकको नाममा तलब निकालेर डेढ लाखभन्दा बढी भ्वाम्

**राहुल राय**

सिरहा, ४ चैत्र। जनता माध्यमिक विद्यालय (प्राविधिक) गोलबजारमा अर्को एउटा अनियमितताको प्रमाण भेटिएको छ। राजीनामा दिई अवकाश लिएका शिक्षकको नामबाट १ लाख ५३ हजार रकम तलबबापत निकासा लिएर हिनामिना गरिएको पाइएको हो। प्राविधिकतर्फका निमावि स्तरका शिक्षक अन्तराम यादवले मिति २०८१ वैशाख २६ गते राजीनामा दिएका थिए। त्यसकै भोलिपल्ट २७ गतेको मितिबाट लागू हुनेगरी तत्कालीन प्रधानाध्यापक भरत साहले स्वीकृत गरिदिए। विद्युत इन्जिनियर शिक्षक अन्तराम यादवले नेपाल विद्युत प्राधिकरणमा नाम निकालेर शिक्षकबाट राजीनामा दिएका थिए। उनी अहिले प्राधिकरण राजविराजमा कार्यरत छन्।




आफैँले राजीनामा स्वीकृत गरी अवकाश दिएका शिक्षक अन्तराम यादवको नामबाट प्रधानाध्यापक भरत साहले तलब निकासा गराई १ लाख ५३ हजार ९ सय २० रूपैयाँ अपचलन गरेका छन्। शिक्षक यादवको २०८१ आसोज महिनासम्मको तलब, भत्ता र दशैँ पेश्कीसमेत गोलबजार नगरपालिकाबाट निकासा मागिएको नगरपालिका स्रोतले जनाएको छ। गोलबजार नगरपालिकाका मेयर श्याम श्रेष्ठको सहमतिमा तत्कालीन शिक्षा शाखा प्रमुख सुवोध लामा, लेखापाल रामेश्वर साह र प्रधानाध्यापक भरत साहको मिलिभगतमा रकम निकासा भएको जानकारहरू बताउँछन्। नगरपालिकाबाट निकासा लिएर शिक्षक यादवको कीर्ते हस्ताक्षर गरी विद्यालयबाट नगदै तलब भुक्तानी लिएको र बाँडफाँट गरी हिनामिना गरेको आशंका गरिएको छ।

शिक्षक यादवले दिएको राजीनामा पत्र र गोलबजार नगरपालिकाले विद्यालयलाई निकासा दिएको तलबको फाँटवारीसमेत प्राप्त भएको छ। यस सम्बन्धमा अवकाश लिएका शिक्षकसँग बुझ्दा उनले भने,'मैले २०८१ वैशाख २६ गतेसम्मको तलब बुझेको छु। आवश्यक परे बैंक स्टेटमेन्ट देखाउन सक्छु। त्यो भन्दा बढी कैफियत भएको रहेछ भने हेडमास्टरलाई सोध्नुस्। उनी नै जिम्मेवार हुनुपर्छ।' यस सम्बन्धमा तत्कालीन प्रधानाध्यापक साहले शिक्षिका विमला झाको तलबसँगै अन्तराम यादवको पनि तलब निकासा आएको स्वीकार गरे। उनले भने झाको तलबसँगै यादवको तलब रकम पनि फिर्ता गरिएको छ। मेयर श्रेष्ठले उपसचिव अनन्त पौडेललाई जिम्मेवारीविहीन गराई उनीभन्दा कनिष्ट शाखा अधिकृत सुवोध लामालाई विश्वास पात्र बनाइ शिक्षा

-बाँकी तीन पेजमा

## प्रहरी महानिरीक्षकमा दीपक थापा नियुक्त

काठमाडौं, ४ चैत्र। नेपाल प्रहरीको महानिरीक्षक (आईजीपी)मा दीपक थापा नियुक्त भएका छन्। बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले अतिरिक्त महानिरीक्षक ९एआईजी० थापालाई आईजीपी नियुक्त गरेको हो। मन्त्रिपरिषद्को निर्णयसँगै केन्द्रीय अनुसन्धान ब्युरो ९सीआईबी०को प्रमुख रहेका थापा प्रहरीको ३१ औं आईजीपी बन्न सफल भएका छन्। आईजीपीका ३ जना प्रतिस्पर्धीमध्ये वरीयतामा थापा एक नम्बरमा थिए। प्रतिस्पर्धाको दोस्रो नम्बरमा प्रहरी अतिरिक्त महानिरीक्षक सुदीप गिरी र तेस्रोमा टेकबहादुर तामाङ थिए। गिरी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान र तामाङ उपत्यका प्रहरी कार्यालयमा कार्यरत छन्।

२०५२ भदौ १९ मा प्रहरी सेवामा प्रवेश गरेका उनीहरूमध्ये दीपक थापा २०७९ चैत ६ मा वसन्त कुँवरसँगै



एआईजीमा बढुवा भएका थिए। पछि कुँवर आईजीपी भए। सुदीप गिरी र टेकबहादुर तामाङ २०७९ चैत २४ मा एआईजीमा बढुवा भएका थिए। मन्त्रिपरिषद्ले मेरिटअनुसार थापालाई नियुक्त गरेको छ। यसअघि कुँवर पनि मेरिटको आधारमा बढुवा भएका थिए। प्रहरीको ऐनमा परिवर्तन नभए नवनियुक्त आईजीपी थापाले करिब ६ महिना ८९ हजार फौजको कमान्ड गर्नेछन्।

## 'नक्कली शरणार्थी प्रकरणका दुई आरोपितको थुना कानुनसम्मत'

काठमाडौं, ४ चैत्र। सर्वोच्च अदालतले नक्कली शरणार्थी प्रकरणमा मुछिएका दुई आरोपितको थुनालाई कानुनसम्मत भनेको छ। सोमबार सर्वोच्च अदालतका दुई छुट्टाछुट्टै इजलासले टेकनारायण पाण्डे र बेचन झालाई थुनामुक्त गर्न माग गरिएको बन्दीप्रत्यक्षीकरणको निवेदन खारेज गरेको हो। न्यायाधीशहरू डा. कुमार चुडाल र महेश शर्मा पौडेलको इजलासले टेकनारायण पाण्डेका लागि उनकी पत्नी मञ्जु पाण्डेले दर्ता गरेको निवेदन खारेज गरेको हो। त्यसैगरी विनोद शर्मा र अब्दुल अजीज मुसलमानको इजलासले बेचन झाले दर्ता गरेको अर्को बन्दीप्रत्यक्षीकरणको निवेदन खारेज गरेको हो।

टेकनारायण पाण्डे र बेचन झा दुवै नक्कली शरणार्थी प्रकरणमा मुछिएर मुद्दा चलेका आरोपितहरू

-बाँकी तीन पेजमा

## राजावादीको सक्रियतालाई लिएर सामाजिक सञ्जाल, सडक हुँदै संसदसम्म चर्चा

काठमाडौं, ४ चैत्र। राजावादीहरूको सक्रियतासँगै संसददेखि सडक र चोकदेखि सामाजिक सञ्जालसम्म राजा फर्कने र रोक्ने कुराको चर्चा बढेको छ। प्रजातन्त्र दिवसका अवसरमा पूर्वराजा ज्ञानेन्द्र शाहको सन्देश सार्वजनिक भएलगत्तै राजावादीको सक्रियता बढेको हो। त्यसपछि राजावादी र गणतन्त्रबादीबीच आरोप-प्रत्यारोप भइरहेको छ। अझ राजावादीहरूले फागुन २५ गते काठमाण्डौमा प्रदर्शन गरेपछि त गणतन्त्रवादीहरू झस्किएका छन्। राजावादीको प्रदर्शनकै कारण नेकपा (माओवादी केन्द्र) ले तराई-मधेशमा आफ्नो अभियान नै रोक्यो। त्यसपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग छलफल गरेको छ। संवादका क्रममा प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवाले सरकार परिणाममुखी काम गर्न प्रतिबद्ध भएको बताउनुभएको प्रचण्डको सचिवालयले जनाएको छ।

यस्तै संसदमा पनि राजा र राजावादीको सक्रियताको विषयले स्थान पाइरहेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले राजा फर्काएर देखाउने चुनौती दिएको छ भने गणतन्त्रवादीहरूले विरोध गरिरहेका छन्। राष्ट्रियसभाको आजको बैठकमा कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले पूर्वराजा ज्ञानेन्द्र शाहले आफू राजनीतिक खेलाडीका रूपमा मैदानमा आएँ भन्न सक्नुपर्ने बताए। यस्तै प्रतिनिधिसभाको

-बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## मौसमी फ्लु रोकथामका उपाय।

- बिरामी भएका व्यक्तिसँग भौतिक दूरी कायम गरौं,
- खोक्दा हाच्छिउँ गर्दा मुख र नाक छोपौं,
- शारीरिक रुपमा सक्रिय बनौं र पौष्टिक खाना खाऔं,
- बिरामी हुँदा सम्भव भएसम्म घरमै बसौं,
- समयसमयमा साबुनपानीले हात धुऔं,
- स्यानिटाइजरको प्रयोग गरौं,
- आँखा, नाक, मुख छोईरहने बानी नगरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## खेलकुद विकास गरौं

नेपाल ओलम्पिक कमिटीको नेतृत्वले आफ्नै विधानको पालन नगरेको र नेपालको राष्ट्रिय कानुनको पनि उल्लंघन गरेको आरोप सरकारले लगाएको छ। हुन पनि अहिलेका अध्यक्ष जीवनराम श्रेष्ठ सर्वोच्च अदालतको आदेशविपरीत निर्वाचन गराई तेस्रो कार्यकालका लागि अध्यक्ष बनेका थिए। यसैगरी अदालतले रोकेको निर्वाचन प्रक्रियामा सामेल केही खेल संगठनहरूले पनि कानुनबमोजिम पालना गर्नुपर्ने सर्तहरू पूरा नगरेको आरोप राष्ट्रिय खेलकुद परिषद्ले लगाएको छ। खेल संगठनहरूले वैधता पाउनका लागि राष्ट्रिय कानुनले तोकेका सर्तहरू पालना गर्नु अनिवार्य हुन्छ। अन्तर्राष्ट्रिय अभियानमा जोडिएका राष्ट्रिय संस्थाहरू मूलतः स्वायत्त र स्थानीय हस्तक्षेप मुक्त हुनुपर्छ। राज्यले अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, विधानहरूमा हस्ताक्षर गरेर अहस्तक्षेपको सिद्धान्तलाई मान्यता दिएको पनि हुन्छ। विडम्बना, नेपालजस्तै लोकतान्त्रिक संस्कार कमजोर भएका कतिपय मुलुकमा भने शासकहरूले राज्यको प्रतिबद्धताको उपेक्षा गर्छन्।

यस्तै अन्तर्राष्ट्रिय संस्थाहरूलाई सही अर्थमा स्वायत्त राख्नका लागि त्यस अभियानमा संलग्न अभियन्ता र पदाधिकारीहरूले पनि राजनीतिक असंलग्नता अपनाउन सक्नुपर्छ। संस्थालाई कुनै पद वा अवसर प्राप्तिको माध्यम बनाउनु हुँदैन। दुर्भाग्य, नेपालमा असंलग्नताको यो धर्म कहिल्यै पालना गरिएन। ओलम्पिक अभियानमा पनि सरकारको प्रत्यक्ष भूमिका हुँदैन। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी, राष्ट्रिय ओलम्पिक कमिटी र राष्ट्रिय खेल महासंघहरू नै ओलम्पिक अभियानका अङ्ग हुन्छन्। यही कारणले यदाकदा राष्ट्रिय ओलम्पिक कमिटी र सरकारी पदाधिकारीबीच खटपट हुँदा आईओसीले हस्तक्षेप पनि गर्ने गरेको छ। खेलकुदको विकासलाई व्यक्तिगत स्वार्थभन्दा माथि राख्ने व्यक्ति नेतृत्वमा हुने हो भने यस्तो किचलो हुने नै थिएन। संस्थाको विधान नै संशोधन गरेर अध्यक्ष बनिरहन तिगडम्म गर्नुले नै एनओसीका बहालवाला अध्यक्षको नियत संस्था कब्जा गर्नु रहेको स्पष्ट हुन्छ।

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी) को मध्यस्थतामा नेपाल ओलम्पिक कमिटी (एनओसी) को विवाद सल्टिएको समाचार आउँदा नआउँदै यता सरकारले बहालवाला अध्यक्षलाई नै अवैधानिक ठहर गरेको छ। युवा तथा खेलकुद मन्त्रालय पत्रकार सम्मेलन नै गरी अहिलेको कमिटी अवैध भएको दाबी गरेको हो। सरकार विशेषगरी राष्ट्रिय खेलकुद परिषद् र नेपाल ओलम्पिक कमिटीको नेतृत्वमा राजनीतिक मतभेद हुनेबित्तिकै सधैँ नै समन्वय र सामञ्जस्यको अभाव देखिने गरेकै हो। तर, यसपटक परिषद् र एनओसी नेतृत्वबीच अलि बढी नै कटुता सार्वजनिक भएको छ। सरकारमाथि एनओसी अध्यक्षले आफूलाई यात्रा प्रतिबन्ध लगाउन खोजेको गम्भीर आरोप लगाएका छन्।

राष्ट्रियमात्र होइन अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीमा टाँसिन मरिहत्ते गरिनुमा विदेश भ्रमणको मोहमात्र होइन अप्रकट आर्थिक लाभको अवसर पनि कारण रहने गरेको छ। विगतमा भ्रष्टाचार र अनियमितताका थुप्रै घटना सार्वजनिक भइसकेका छन्। राष्ट्रिय कमिटीसम्म पनि रहलपहल नै सही छिटा त पक्कै आइपुग्छ नै होला। अर्कोतिर सरकारले अपनाएको निषेधको कार्यशैली पनि उचित देखिएन। सरकारले कानुनको सीमा मिच्न त हुँदैन नै कुनै व्यक्ति वा संस्थाप्रति बदनियतपूर्ण व्यवहार गर्नु पनि हुँदैन। सरकारमाथि लागेको आरोपको स्पष्टीकरण दिनु स्वाभाविक भए पनि प्रत्यारोपमा उत्रिएर विवाद थप जटिल बनाउनु उचित होइन।

सरकारसँग जुधेर राजनीति हुनसक्छ तर खेलकुदको विकास गर्न सकिँदैन। मूल उद्देश्य नै पूरा नहुने भएपछि संस्थाको औचित्य पनि रहँदैन। यसैले नेपालको खेलकुद विकासमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको सहयोग निरन्तर र फलदायी गराउनका लागि नेपाल ओलम्पिक कमिटीमा विधानसम्मत नयाँ निर्वाचन गराउन सबै पक्ष तयार हुनुपर्छ। सरकारले पनि कूटनीतिक माध्यमबाट अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीलाई विश्वासमा लिने प्रयास गर्नु आवश्यक देखिन्छ। ओलम्पिक भावना, एनओसीको विधान तथा राष्ट्रिय कानुनसमेतको सम्मान एवं पालना गरेर नयाँ निर्वाचन गरी बन्ने एनओसीलाई सरकारले पूरा सहयोग गर्ने प्रतिबद्धता प्रकट गरेमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका पदाधिकारी पनि पक्कै सहमत हुनेछन्।

# सिंगो दलित परिवार नै नागरिकताविहीन



सप्तरी, ४ चैत्र। एउटा सिंगो दलित परिवार नै नागरिकताबाट वञ्चित रहेको सुन्दा जोकोहीलाई पनि अच्चम लाग्न सक्छ तर, यथार्थ यही हो। सप्तरीको शम्भुनाथ नगरपालिका–३ कचन्दाहाका मागैन सदाका पूरै परिवार अहिले आफ्नो पहिचान खोज्न ठूलै संघर्ष गरिरहेको छ। नेपालमै जन्मिए, यही हुर्किएँ तर अहिलेसम्म आफू नेपाली भएको कुनै पहिचान नै पाउन नसकिएको ६० वर्षीय मागैन सदाको गुनासो छ। घरकै मूली व्यक्ति मागैनको नागरिकता नबन्दा उनकी श्रीमती ५५ वर्षीया उर्मिलादेवी सदा, उनका जेठो छोरा २२ वर्षीय गोविन्दा, कान्छो छोरा १९ वर्षीय दीपक नागरिकताविहीन छन्। नेपाली भएको प्रमुख पहिचान नै नागरिकता नपाएका ती परिवारका सदस्यहरूले अहिलेसम्म राज्यबाट पाउनुपर्ने सबै सेवासुविधाबाट वञ्चित भएको दुखसो पोख्छन्। स्थानीय साहुमहाजनमा खेतीपातीको काम गर्दै आएका मागैनले नागरिकताका लागि सबै निकायमा धाउँदै आए पनि पहिचान पाउन नसकिएको बताए।

जन्मेपछि कानुनी रूपमा राज्यको नागरिकहरूको फेहरिस्तमा नाम जोडिनुपर्छ तर बुबा फनि सदा र आमा चरी सदाको नागरिकता नहुँदा अहिले मागैन सदाको पूरै परिवार नै पहिचानबाट वञ्चित छन्। आर्थिक विपन्नताका कारण केही समय रोजगारीका लागि भारतको पञ्जाबमा काम गरेर फर्केका मागैन अब स्वदेशमै मेहेनत गर्न चाहे पनि नेपाली भएको कुनै पहिचान नहुँदा समस्या भइरहेको बताउँछन्। यस्तै समस्यासँग जुध्दैछन् सोही ठाउँका चन्दर सदाको परिवार पनि। उनका बुबा धोथर सदाको नागरिकता नहुँदा चन्दरको सिंगो परिवार नै नागरिकता पाउनबाट वञ्चित छन्। चन्दरको नागरिकता नहुँदा उनकी ३५ वर्षीया श्रीमती कदमीदेवी, जेठी छोरी १७ वर्षीया पूजा, १५ वर्षीया छोरी श्रद्धा, १० वर्षीय छोरा फुलेशरा, छ वर्षीया छोरी फुलेश्वरी सदा र चार वर्षीय छोरा आयुष सदा पनि जन्मदर्ता र नागरिकताबाट वञ्चित छन्। चन्दर सदाका बुबा धोथर सदाको नागरिकता नबन्दा अहिले पूरै परिवार पहिचानविहीन छन्।

यो समस्या सप्तरीको शम्भुनाथ नगरपालिकामा मात्र होइन, सप्तरीको विभिन्न स्थानीय तहमा छ। सप्तरीका विभिन्न स्थानीय तहमा जन्मदर्ता, विवाह दर्ता र नागरिकताको ठूलो समस्या पाइएपछि व्यक्तिगत घटना दर्ताका लागि सचेतना कार्यक्रमसमेत सुरु गरिएको छ। द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सप्तरीमा हरवाचरवा दलित समुदाय लक्षित घटना दर्ता अभियान सञ्चालन गरेको हो। अभियानका क्रममा शम्भुनाथ नगरपालिकाका विभिन्न वडा तथा जिल्लाका विभिन्न स्थानीय तहमा नागरिकताबाट वञ्चित भएकाहरूको तथ्याङ्क संकलन गरी जन्मदर्ता र नागरिकता बनाउनसमेत पहल गरिरहेको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता बिजली रामले बताए। उनका अनुसार सप्तरीको शम्भुनाथ, बोदेबर्साइन, डाक्नेश्वरी नगरपालिका र रुपनी गाउँपालिकामा तथ्याङ्क संकलनसँगै नागरिकता जन्मदर्ता बनाउने अभियान सञ्चालन गर्दै आएको छ। यसरी जन्मदर्ताबाट वञ्चित रहेका तीमध्ये अधिकांशले जन्मदर्ताकै कारण पढ्न नसकेको समेत नपाइएको तथ्य पाइएको छ। चेतना आभावमा नागरिकता र जन्मदर्ताको महत्त्व नबुझेर पूर्वजहरूले समयमै जन्म, विवाह र मृत्युदर्ता बनाउन होस नपुऱ्याउँदा अहिलेको सन्ततिले नराम्ररी दुःख पाइरहेको शम्भुनाथ नगरपालिकाका कार्यवाहक नगरप्रमुख अनिताकुमारी चौधरीको भनाइ छ।

# विराटनगरको क्यासिनोमा दुई विवादास्पद समूहबीच कुटाकुट

विराटनगर, ४ चैत्र। विराटनगरको रत्ना होटलमा दुई विवादास्पद समूहबीच कुटाकुट भएको छ। आइतबार राति १२ बजे रत्ना होटलको क्यासिनो परिसरमा किरण लामा र रोनाल कँडेलसँग अभिषेक गिरीसहितको समूहको कुटाकुट भएको हो। क्यासिनोमा नेपाली नागरिकलाई प्रवेश निषेध छ। तर प्रहरी मौन बस्नाले विराटनगरको होटल बिग र होटल रत्नामा रहेको क्यासिनोमा नेपाली नागरिकले सहज प्रवेश पाइरहेका छन्। दुई समूहबीच कुटाकुट भएपछि प्रहरी पुगेको थियो। प्रहरी पुग्दा दुवै समूह भागिसकेको थियो। जिल्ला प्रहरी कार्यालय मोरङका डीएसपी बेदप्रकाश जोशीले होटलमा कुटपिट भएको विषयमा प्रहरीले अनुसन्धान गरिरहेको बताए।

उनका अनुसार आफूमाथि कुटपिट भएको भन्दै निकेश गिरीले किरण लामा र रोनाल कँडेलविरुद्ध उजुरी दिएका छन्। निकेश विवादास्पद अभिषेक गिरीका भतिज पर्छन्। जाहेरी परेपछि प्रहरीले घटनामा संलग्नको खोजी भइरहेको प्रहरीले जनाएको छ। प्रहरी स्रोतका अनुसार आइतबार राति अभिषेक गिरी रत्नाको होटलको क्यासिनोमा थिए। (गिरी सम्पर्कमा आउन चाहेनन्। उनका सहयोगीहरु गिरी होटलमा भएको दाबी गर्छ।) राति करिब १२ बजे किरण लामा र रोनाल कँडेल क्यासिनोमा पुगे। बाउन्सरले उनीहरुलाई प्रवेश दिएनन्। रत्नाको क्यासिनोमा उनीहरुलाई प्रवेश निषेध छ। पटक–पटक प्रवेश गर्दै झगडा गरेका कारण उनीहरुलाई निषेध गरेको थियो। बाउन्सरले दुई जनालाई रोकेकै बेला निकेश गिरी सामान लिएर क्यासिनोमा प्रवेश गर्न खोजे। बाउन्सरले उनलाई भित्र जान दिए पनि मदिरा सेवन गरेका लामा र कँडेलले रोके। त्यसपछि हामीलाई छिर्न नदिने भन्दै निकेशमाथि हातपात गरे। निकेशलाई कुटपिट गरेको देखेपछि अभिषेक गिरी क्यासिनोबाट बाहिर आए। उनी सधैं ५/६ जनाको समूहमा हिँड्छन्। 'त्यसपछि दुई समूहबीच कुटाकुट भयो,' प्रहरी स्रोतले भन्यो, 'दुवै पक्षका घाइते छन्, तर प्रहरी पुग्नुअघि भागे।'

होटलको क्यासिनो अगाडि गिरीको समूहसँग लामा र कँडेलबीच कुटाकुट भएको थियो। अविशेष गिरीको गमला प्रहारबाट टाउकोमा चोट लागेको छ। किरण लामा एमालेको नवनिर्वाचित जिल्ला कमिटी सदस्य हुन्। मिटरब्याज असुलीको धन्धामा संलग्न उनलाई एमाले नेताहरुको संरक्षण छ। लामा पर्शुराम बस्नेतको समूहबाट उदाएका हुन्। बस्नेत राजनीतिमा आएपछि लामाले छुट्टै समूह चलाइरहेका छन्। प्रहरी प्रशासनसँग राम्रो सम्पर्क बनाएका उनले जग्गाको कारोबार पनि गर्छन्। रोनाल कँडेल पटकपटक विवादमा आइरहन्छन्। मोरङ प्रहरीको रेकर्ड अनुसार उनी यसअघि सात पटक पक्राउ परिसकेका छन्। २०७१ सालमा उनीविरुद्ध सार्वजनिक अपराधको मुद्दा थियो। २०७३ मा ज्यान मार्ने उद्योग, २०७४ सालको साउनमा सार्वजनिक अपराध, असोजमा अभद्र व्यवहार र फागुनमा पनि अभद्र व्यवहार मुद्दा चलेको थियो।

२०७७ सालमा उनी ठगी मुद्दामा पक्राउ परेका थिए। केही समय कारागार बसेर छुटेका उनीविरुद्ध गत भदौ १ गते ज्यान मार्ने उद्योगको जाहेरी परेको थियो। विराटनगर महानगरपालिका–११ का ३२ वर्षीय कँडेलसहितले पूर्वमन्त्री तथा नेकपा (एमाले)की नेतृ भगवती चौधरीका छोरा दुहबी नगरपालिका–२ घर भएका २८ वर्षीय द्रव्यराज चौधरी र उनका साथी २७ वर्षीय बालकृष्ण चौधरीमाथि गत भदौ १ गते आक्रमण गरेपछि ज्यान मार्ने उद्योगको जाहेरी परेको थियो। २०८० पुस २७ गते होटल बिगको क्यासिनो भित्र भएको विवादका कारण बाहिर कँडेलमाथि खुकुरी प्रहार भएको थियो। कँडेलको गुण्डागर्दी विराटनगरको बसपार्कबाट सुरु भएको थियो।

अपहरण तथा शरीर बन्धक मुद्दामा कैद भुक्तान गरी छुटेका अभिषेक गिरीमाथि नेपाली कांग्रेस नेताहरुको संरक्षण छ। कुनै समय विराटनगरमा पर्शुराम बस्नेत र अभिषेक गिरी समूहको बोलवाला थियो। पर्शुराम राजनीतिमा प्रवेश गरे। गिरी युवती प्रयोग गरेर फिरौती मागेको आरोपमा २०७१ साल साउन तेस्रो साता पक्राउ परे। त्यसपछि विराटनगरको गुण्डागर्दी साम्य भएको थियो। अपहरण मुद्दामा कैद भुक्तानपछि गिरी गत २०७९ चैत ६ गते कारागारबाट छुटे। कारागारबाट छुटेपछि उनले आफूलाई सामाजिक गतिविधिमा सक्रिय भएको देखाउँछन्। समाजेवी भएको दाबी पनि गर्छन्। कांग्रेसका कार्यक्रमहरुमा पनि देखा पर्छन्। कारागारबाट छुटेपछि उनले 'गिरी फाउन्डेसन' खोलेका छन्। गुण्डागर्दीमा संलग्न भएको आरोप लागिरहने उनी 'कोशी सुधार अभियान' पनि सञ्चालन गर्छन्। कारागारमा हुँदा नाइके भएका गिरी पटकपटक विवादमा आएका थिए। कारागारबाट छुटेपछि पनि विवादमा आइरहेका छन्।

## राजीनामा दिइसकेका...

शाखामा प्रमुख बनाएर राखेका छन्। असाधारण बिदामा अष्ट्रेलिया गएकी शिक्षिका विमला झाको तलब निकासा लिएर हिनामिना गरेको घटना गत माघ ११ गते बाहिरिएपछि मेयर श्रेष्ठ शिक्षा शाखा प्रमुख लामा, प्रधानाध्यापक साह र लेखापाल साहलाई हटाउन बाध्य भएका थिए।

उनीहरु तीनै जनालाई नगरपालिकामा जगेडामा राखेर हाजिर गराइएको छ। विमला झा तलब हिनामिना प्रकरणमा मुद्दा चलाउनुको सट्टा लामा, प्रअ साह र लेखापाल साहलाई जोगाउन मेयर श्रेष्ठले कागज पत्र मिलाइ दिएको स्रोत बताउँछ। पदबाट हटाइएका शिक्षा शाखा प्रमुख लामाले 'रकम खाने बेला बाँडेर खाने अहिले मलाई मात्र कारवाही गर्ने हो भने म त डुब्छु सँगसँगै सबैलाई लिएर डुब्छु' भनेर घुर्की लगाएपछि मेयर श्रेष्ठ उनको बचाउमा उत्रिएको नगरपालिका स्रोत बताउँछ।

## *राजावादीको ...*

बैठकमा माओवादी केन्द्रकी सांसद उर्मिला अर्यालले राजनीतिक दलको यस्तै प्रवृत्तिका कारण नागरिक एउटै राजा पालेको भए हुन्थ्यो भन्ने भ्रममा पर्ने डर रहेको बताए। सोमबार काठमाण्डौमा पत्रकार सम्मेलन गर्दै राजावादीहरूले आफूहरूको एजेन्डालाई कमजोरी ठानेर अपव्याख्या गर्न थालिए त्यसको मूल्य महँगो पर्ने चेतावनी दिएका छन्। तर सडकमा पूर्वराजाको समर्थनमा देखिएको भीडको जस कसले लिने भन्ने विषयमा राजावादीहरूबीच विवाद छ।

## *'नक्कली शरणार्थी...*

हुन्। उनीहरूलाई जिल्ला अदालतले थुनामा राख्ने आदेश गरेको थियो। त्यसविरुद्ध उनीहरुले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता गरेका थिए।

# राजश्री सेविङ्गस एण्ड क्रेडिट को-अपरेटिभ सोसाईटी लिमिटेड

**सेवा केन्द्र : लहान, सिरहा**

## ऋणीहरुको नामको ३५ (पैतिस) दिने म्याद पूर्जी

तपसिलमा उल्लेखित तपाई ऋणीले यस संस्थाबाट व्यापार ऋण उद्देश्यको लागी लिनु भएको ऋणको भाखा नाघिसकेको हुँदा सो ऋण बुझाउन पटक-पटक ताकेता पत्र पठाई सकिएकोमा हालसम्म पनि सो ऋण र समय-समयमा बुझाउनु पर्ने ब्याज समेत नबुझाउनु भएकोले सहकारी ऐन २०७४ को दफा ७९ र सहकारी नियमावली २०७५ को दफा ३० (क) बमोजिम ३५ (पैतिस) दिने म्याद पूर्जी जारी गरिएको छ। उक्त म्याद पूर्वी पाएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र ऋणको साँवा र बुझाउने दिन सम्मको व्याज हर्जाना समेत तिर्न बुझाउन ल्याउनु होला। यदि सो ऋण बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला। तोकिएको समय भित्र ऋण रकम नतिरेमा वा तिरी सकेको भए सो को प्रमाण पेश नगरेमा तपाईले दिनु भएको धितो सहकारी ऐन र नियमावली बमोजिम लिलाम बिक्री गरी ऋण रकम, व्याज हार्जाना र लिलाम बिक्री गर्दा लागेको सम्पुर्ण खर्च समेत तपाईबाट असुल उपर गरिने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ। **(प्रकाशित हुने ऋणीहरुको विवरण २०८१ चैत्र ४ सम्मको हिसाब)**

| क्र.सं. | फाईल नम्बर | ऋणीको नाम | ठेगाना | पिता/पति र बाजे/ससुराको नाम | ऋण लिएको मिति | बाँकी साँवा | बाँकी ब्याज/हर्जाना | जग्गाको विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३८८० | राम चन्द्र साहु हलुवाई | नक्टाझिज २, हाल मिथिला न.पा. २, धनुषा | महन्थी साहु हलुवाई रामजी साह हलुवाई | ११/६/२०७८ | ७९९१७०.३७ | ६१५४२५.६२ | जि.धनुषा नक्टाझिज वार्ड नं. ३. कि.नं. ८८३, क्षेत्रफल ०-०-१४-१० |
| २ | ३८८२ | सजदा खातुन | एकरहिया ७, हाल पिपरा गा.पा. २, महोत्तरी | मो. साजीद हुसैन जाहीर हुसैन | ३०/०२/२०७६ | २३९००००.०० | १६७५२२५.७० | जि. महोत्तरी अलिपटि पर्सा वार्ड नं. १, कि.नं. ५६४, क्षेत्रफल ०-३-१८-० |
| ३ | ३८८४ | आनन्द चौधरी | गाढा ८, हाल लहान २३, सिरहा | सुखि झौलाई | १२/६/२०७८ | ९९९९९५.७१ | ७६९१८८.४४ | जि.सिरहा गाढा वार्ड नं. ८/क, कि.नं. ८४८, क्षेत्रफल ०-९-११-० |
| ४ | ३८९२ | सागैरवती साहु हलुवाई | गोविन्दपुर ३, हाल लहान २४, सिरहा | सिताराम साह किसोरी साह | १५/०६/२०७८ | ४९९९९९.८५ | ३४३१४५.५१ | जि.सिरहा गोविन्दपुर वार्ड नं. ३/क, ३/क, कि.नं. २६१, २६४, क्षेत्रफल ०-१-०-०, ०-२-०-० |
| ५ | ३८९६ | चनिया थरुनी | भवानीपुर प्र.ध. ४, हाल धनगढीमाई २, सिरहा | बुधन चौधरी मनक चौधरी | १९/०६/२०७८ | १९९९१२.८१ | १४२६९७.८८ | जि.सिरहा भवानीपुर कालावंजर वार्ड नं. ९/ख, कि.नं. ९, क्षेत्रफल ०-४-१५-० |
| ६ | ३९०३ | इसा मोहमद | लहान ९, सिरहा | जलिल सलिम | २०/०६/२०७८ | ४९९७६३.५५ | ३९१४४९.७१ | जि.सिरहा लहान गोठ वार्ड नं. २. २. कि.नं. ६७३, ६७२, क्षेत्रफल ०-३-१८-०,०-३-०-० |
| ७ | ३९०४ | सुवे लाल सिंह दनुवार | सिस्वा बेल्ही ७, हाल खडक २, सप्तरी | संगम सिंह देवी सिंह | २०/०६/२०७८ | ७९८९८१.०९ | ५४८४३८.२९ | जि.सप्तरी सिस्वा बेल्ही वार्ड नं. ७/क, कि.नं. २७, क्षेत्रफल ०-७-३-० |
| ८ | ३९१३ | सहुकार यादव | इटहर्वा ८, हाल भगवानपुर ५, सिरहा | गोनी यादव अवधी यादव | २७/०५/२०७६ | ४९९९३९.५७ | २८९००९.११ | जि.सिरहा इनर्वा वार्ड नं. ६, ६, कि.नं. ८३, ८५, क्षेत्रफल ०-१-१३-०,०-१-१५-० |
| ९ | ३९१४ | सुमिन्द्रा देवी | लक्ष्मीपुर बगेवा ९, हाल लक्ष्मीनीया गा.पा. ६, धनुषा | नमली यादव विलास यादव | २४/०६/२०७८ | १३०००००.०० | ७७०५३७.३४ | जि.धनुषा लक्ष्मीपुर बगेवा वार्ड नं. ३, ३, कि.नं. १००, १३३, क्षेत्रफल ०-२-१०-०,०-४-०-० |
| १० | ३९१९ | जितेन्द्र कुमार विश्वकर्मा | तेरहौता ४, हाल रुपनी गा.पा. ६, सप्तरी | मनोहर विश्वकर्मा नसिव लाल विश्वकर्मा | २५/०६/२०७८ | ५०००००.०० | ३७६५६७.५६ | जि.सप्तरी तेरहौता वार्ड नं. ५/क, कि.नं. ९६४, क्षेत्रफल ०-०-१३-० |
| ११ | ३९२५ | राधा देवी हाथी सुडी | ढल्केवर ६, हाल मिथिला न.पा. ५, धनुषा | लछुमन हाथी सुडी महाविर हाथी सुडी | १/७/२०७८ | १५९९७२३.०८ | १२२९१४७.४३ | जि.धनुषा सपही वार्ड नं. ९, कि.नं. १४३६, क्षेत्रफल ०-०-१०-८ |
| १२ | ३९३२ | देवकला यादव | श्रीपुर ५, हाल औरही न.पा. ५, महोत्तरी | काली प्रसाद यादव रामपृत राय | ९/७/२०७८ | ४९९८०२.५८ | २८६४५७.१३ | जि. महोत्तरी श्रीपुर वार्ड नं. ४/क. कि.नं. ८९२, क्षेत्रफल ०-७-१३-० |
| १३ | ३९४० | असलानी देवी महरा चमार | नक्टाझिज ६, हाल मिथिला न.पा. २, धनुषा | गुलदेव महरा चमार मगंल महरा चमार | १४/०७/२०७८ | १५०००००.०० | ८३०६०५.५० | जि.धनुषा नक्टाझिज वार्ड नं. ६/ख, कि.नं. ५२८, क्षेत्रफल ०-०-१२-० |
| १४ | ३९४२ | इन्द्रदेव महतो | लहान २, सिरहा | गुदर महतो मोती महतो | १४/०७/२०७८ | ९९९९९८.३० | ७६३२४९.५० | जि.सिरहा सिंग्राही मटिअर्वा वार्ड नं. ९.८, ८. कि.नं. ७४१, १५८९, १२६१, क्षेत्रफल ०-०-१९.५-०, ०-०-१२-०, ०-१-६.५-० |
| १५ | ३९४४ | राम किशेर चौधरी | गौशाला ९, हाल ३, महोत्तरी | बासकित चौधरी विगन चौधरी | १६/०७/२०७८ | १००००००.०० | ४९९४१८.९८ | जि. महोत्तरी विजलपुरा वार्ड नं. ९/क, ९/क, कि.नं. १०९५, ४०७, क्षेत्रफल ०-०-१७-८, ०-०-३-० |
| १६ | ३९५४ | चन्द्रिका विश्वकर्मा | तरही १, हाल डाकनेश्वरी ३, सप्तरी | प्रेम नारायण विश्वकर्मा कसम लाल विश्वकर्मा | २३/११/२०७५ | १५००००.०० | ११५९५१.४४ | जि. उदयपुर गाइघाट वार्ड नं. ६/ख, कि.नं. १९९२, क्षेत्रफल ०-०-१०-० |
| १७ | ३९६० | पुजा देवि चौधरी | दुहवी भलुवा ७, हाल दुहबी ७, सप्तरी | गुनिलाल चौधरी गोठलु माझी | ५/८/२०७८ | ८०००००.०० | ५६३१७७.७२ | जि.सप्तरी भलुवा वार्ड नं. ७/ख, कि.नं. ४८८, क्षेत्रफल ०-२-६.५-० |
| १८ | ३९६६ | विनोद राउत | बघचौडा ३, हाल हँसपुर २, धनुषा | खटर राउत चतुरी राउत | ७/८/२०७८ | १००००००.०० | ७६४७७०.४५ | जि.धनुषा बघचौडा वार्ड नं. ३/ख, ३/ख, कि.नं. ५७४, ७७३, क्षेत्रफल ०-०-१०-०, ०-०-२-० |
| १९ | ३९६७ | तुला मिया | इटहर्वा ३, हाल सखुवानन्कारकट्टी ५, सिरहा | अकवर मिया असरफ मिया | ८//८२०७८ | ७९९१७८.४६ | ५४८७३६.६८ | जि.सिरहा सखुवानन्कारकट्टी वार्ड नं. ३/क, २, २, कि.नं. २२४, ४१४, ४४१, क्षेत्रफल ०-३-०-०, ०-३-०-०, ०-३-०-०, जि.सिरहा इटहर्वा वार्ड नं. ३, कि.नं. ३६७, क्षेत्रफल ०-१-८-० |
| २० | ३९७६ | रामवावु दास तत्मा | अन्कार ६, हाल जलेश्वर ७, महोत्तरी | रामेश्वर दास तत्मा मौजे दास तत्मा | १०/८/२०७८ | १५९९७५०.८० | ११५७४१६.३९ | जि.महोत्तरी बनौली वार्ड नं. ८. कि.नं. १११२, क्षेत्रफल ०-१-२.५-० |
| २१ | ३९८१ | शिव कुमारी मंडल | सिस्वा बेल्ही ७, हाल खडक २, सप्तरी | उमेश मंडल मोहित मंडल | १२/८/२०७८ | ९९९७८३.६५ | ५४०६८०.०९ | जि.सप्तरी सिसुवा बेल्ही वार्ड नं. ७/क, ७/क, ७/क, ७/क, कि.नं. ५०, २६०, २९०, २६३, क्षेत्रफल ०-४-१९-०, ०-०-१२-०, ०-१-३.७५-०, ०-२-१२-० |
| २२ | ३९८४ | रामपृत यादव | महदेवा पोर्ताहा ६, हाल सखुवानन्कारकट्टी ३, सिरहा | फुसियाहि यादव कन्ति यादव | १३/०८/२०७८ | १९९९८९६.३० | ३७२२२०.४७ | जि.सिरहा महदेवा पोर्ताहा वार्ड नं. ६, ६, कि.नं. ७५७, ७४४, क्षेत्रफल ०-१-१०.५-०,०-३-२.७५-० |
| २३ | ३९८९ | शम्भु प्रसाद ठाकुर | त.गोविन्दपुर ८, हाल लहान १७, सिरहा | सोने लाल ठाकुर सुकदेव ठाकुर | १५/०८/२०७८ | १६९९९९८.७० | १२२१४४२.२३ | जि. सिरहा त. गोविन्दपुर वार्ड नं. ५/क, ५/क, ५/क, कि.नं. १९९, २०५, २००, क्षेत्रफल ०-५-१६-०, ०-४-१४-०, ०-९-४-०, जि.सिरहा त.गोविन्दपुर वार्ड नं.४/क, कि.नं.२५१, क्षेत्रफल०-५-० |
| २४ | ३९९५ | लौहरी देवी सदा | त्रियुगा ११, उदयपुर | वौकाई सदा भुटरु सदा मुसहरु | १६/०८/२०७८ | २९९९८४.०२ | १८२५०३.३० | जि.उदयपुर देउरी वार्ड नं. १/ग. कि.नं. ५५. क्षेत्रफल ०.०२२२.०० |
| २५ | ३९९८ | राम प्रसाद रोहिता यादव | सखुवानन्कारकट्टी ४, सिरहा | फौदा रोहिता गोविन्द रोहिता | १७/०८/२०७८ | १००००००.०० | ७३२०५०.४७ | जि सिरहा सखुवानन्कारकट्टी वार्ड नं. ४/क, कि.नं. ४७, क्षेत्रफल ०-२-०-०, जि.सिरहा सखुवानन्कारकट्टी वार्ड नं.९/क, कि.नं. २७६, क्षेत्रफल ०-१०-१३-० |
| २६ | ४०१६ | चौठी कामैत | मझौरा ८, हाल नवराजपुर २, सिरहा | थैलु कामैत सुवधि कामैत | २७/०८/२०७८ | ९९९९६६.२० | ६८९२४८.०० | जि.सिरहा मझौरा वार्ड नं. ७/क, ७/क, कि.नं. ४७१. १४७, क्षेत्रफल ०-१०-६-०, ०-०-१६-० |
| २७ | ४०१९ | दिलिप कुमार दास | तेरहौता ९, हाल रुपनी गा.पा ६,सप्तरी | राजेन्द्र लाल दास सिंहेश्वर दास | २८/०८/२०७८ | ७०००००.०० | ३९३४७५.५२ | जि. सप्तरी तेरहौता वार्ड नं. ९/क, ९/क, कि.नं. ३६५, ६३९, क्षेत्रफल ०-८-०-०, ०-२-१-० |

-क्रमशः बाँकी अर्को पेजमा

# राजश्री सेविङ्गस एण्ड क्रेडिट को-अपरेटिभ सोसाईटी लिमिटेड...

| क्र.सं. | फाईल नम्बर | ऋणीको नाम | ठेगाना | पिता/पति र बाजे/ससुराको नाम | ऋण लिएको मिति | बाँकी साँवा | बाँकी ब्याज/हर्जाना | जग्गाको विवरण |
|---|---|---|---|---|---|---|---|---|
| २८ | ४०२० | राम कुमार साह | लहान १०, सिरहा | राम सेवक साह<br>जानकी साह | २९/०८/२०७८ | १००००००.०० | ६२६९४९.११ | जि.सिरहा लहान गोठ वार्ड नं. ६, कि.नं. ४८७, क्षेत्रफल ०-२-१६.५-०, जि.सिरहा विष्णुपुर प्र.ध. वार्ड नं. ९/ख, कि.नं. १४२, क्षेत्रफल ०-२-६-० |
| २९ | ४०२५ | दिनेश कुमार सिंह कोइरी | नक्टाझिज ६, हाल<br>मिथिला न.पा. २, धनुषा | रामसेवक महतो काइरी<br>धनपैत महतो कोइरी | १/९/२०७८ | ४२०००००.०० | ३१३२७४९.१२ | जि.धनुषा नक्टाझिज वार्ड नं.६/ख, ६/ख, ६/ख, ६/ख, ६/ख, ६/ख, ६/ख, कि.नं. ८५०, ८५९, ८६६, ८६५, ८५६, ३६२, ८५३, क्षेत्रफल ०-१-५-११, ०-२-११-१३, ०-१-९-५.२५, ०-०-१२-५.२५, ०-४-१०-०, ०-१-५-०, ०-४-७-५, जि.धनुषा नक्टाझिज वार्ड नं.७/ख, कि.नं.८६१, क्षेत्रफल ०-०-१५-१३ |
| ३० | ४०४० | विनोद प्रसाद यादव | महदेवा पार्ताहा ५, हाल<br>सखुवानन्कारकट्टी ३, सिरहा | हरि प्रसाद यादव<br>कैलु यादव | १५/०९/२०७६ | १९९८१७०.२० | ११०९७९२.५९ | जि.सिरहा महदेवा पोर्ताहा वार्ड नं. १/क, कि.नं. ३३८, क्षेत्रफल ०-८-४-० |
| ३१ | ४०५७ | काशिवती यादव | जिझौल ५, हाल<br>बरियारपट्टी ५, सिरहा | हरि नारायण यादव<br>राजदेव यादव | १४/०६/२०७७ | ३४९९९८.२० | २०५२३७.९९ | जि.सिरहा जिभौल वार्ड नं. ५/ख, कि.नं. ७१२, क्षेत्रफल ०-६-५-० |
| ३२ | ४०९८ | प्रमोद कुमार यादव | नक्टाझिज ६, हाल<br>मिथिला न.पा. २, धनुषा | सत्य नारायण महतो<br>जुगेश्वर महतो | २/१०/२०७८ | १२९९९३८.९० | ६४६१२४.०७ | जि.धनुषा नक्टाझिज वार्ड नं.६/ख, ६/ख, ६/ख, ६/ख, ६/ख, कि.नं. १०५०, १०५५, १०४५, १०५७, ३७८, क्षेत्रफल ०-०-५-०, ०-०-६-८, ०-०-५-०, ०-०-६-८, ०-२-१३-१२ |
| ३३ | ४०९९ | सुमिन्त्रा देवी महतो | लक्ष्मीनिवास ६, हाल<br>बटेश्वर गा.पा. १, धनषा | जुगेश्वर सिंह<br>दुर्गानन्द सिंह | २/१०/२०७८ | १००००००.०० | ७२१३३५.६७ | जि.धनुषा भुचक्रपुर वार्ड नं. ५/घ, ५/घ, कि.नं. ७०४, ७०२, क्षेत्रफल ०-५-१८-८, ०-१-१०-० |
| ३४ | ४१०३ | सिता देवी | बगडा ६, हाल<br>लोहारपट्टी १, महत्तोरी | बिन्दे यादव<br>राम बृक्ष यादव | ४/१०/२०७८ | १३०००००.०० | ९३५५७१.३७ | जि.महोत्तरी वगडा वार्ड नं. ५/क, ५/क, कि.नं. ३३७, ३३६ क्षेत्रफल ०-१-५-०, ०-१-५-०, जि.महोत्तरी वगडा वार्ड नं.५/ख. कि.नं. ९८९, क्षेत्रफल ०-०-१४ |
| ३५ | ४१२५ | राम कृष्ण विश्वकर्मा | मधुपट्टी ८, हाल<br>सुरुङ्गा ४, सप्तरी | अमृतलाल विश्वकर्मा<br>रविलाल | १२/१०/२०७७ | ७९८०००.०० | ५५३९७०.८४ | जि.सप्तरी मधुपट्टी वार्ड नं. २/क, कि.नं. ४२४, क्षेत्रफल ०-१४-१०.५-० |
| ३६ | ४१२६ | ज्योती देवी मण्डल | लहान ४, सिरहा | राम वावु मण्डल<br>हरिलाल मण्डल | १६/०२/२०७६ | ३९९९८७.५६ | ६४६४४.९९ | जि.सिरहा लहान बजार वार्ड नं. ७/क, कि.नं. १५५८, क्षेत्रफल ०-०-१४.७५-० |
| ३७ | ४१३० | कलसिया देवी | खैरबनी ६, हाल<br>सोनमा गा.पा. ४, महोत्तरी | लगन राय यादव<br>सुकदेव राय यादव | १२/१०/२०७८ | ६०००००.०० | ४२८१६२.४६ | जि. महोत्तरी खेश्राहा वार्ड नं. १/क, कि.नं. ६५९, क्षेत्रफल ०-२-५.७५-०, जि. महोत्तरी खेश्राहा वार्ड नं. ३/क, कि.नं. १४६१. क्षेत्रफल ०-२-१७-० |
| ३८ | ४१४६ | रुप लाल महतो काइरी | ढल्केवर ९, हाल<br>मिथिला १, धनुषा | होती लाल महतो<br>अच्छेलाल महतो | १७/१०/२०७८ | ४९९९९९६.९५ | ३४५२८८५.८४ | जि.धनुषा ढल्केवर वार्ड नं. ९/ग, ९/ग, ९/ग, कि.नं. ३९७, ३८६, ३७६, क्षेत्रफल ०-३-१५-०, ०-५-२.५-०, ०-०-१९-० |
| ३९ | ४१४८ | सकुन्ती देवी मोची | मधुपट्टी ७, सप्तरी हाल<br>लहान २३, सिरहा | गनपैत मोची<br>लक्षण मोची | १८/१०/२०७८ | ६०००००.०० | ४२५३१४.८९ | जि.सिरहा गाढा वार्ड नं. ३, ३, कि.नं. ६९८, ११४८, क्षेत्रफल ०-०-१२.७५-०, ०-०-१६-० |
| ४० | ४१५३ | कौशिला यादवनी | भवानीपुर का.ब. ४, हाल<br>लाहान २१, सिरहा | फुलेश्वर प्रसाद यादव<br>जनक यादव | ४/१०/२०७५ | ७५८००००.०० | ५३७२४०.७६ | जि.सिरहा भवानीपुर का.ब. वार्ड नं. २, कि.नं. ४६८, क्षेत्रफल ०-४-१३.५-० |
| ४१ | ४१६४ | श्याम कुमार मण्डल | मटिहानी ३, हाल<br>मटिहानी न.पा. ७, महोत्तरी | कपिल देव मण्डल<br>रामलाल मण्डल धानुक | २१/१०/२०७८ | २५०००००.०० | १७६५३०८.०९ | जि. महोत्तरी मटिहानी वार्ड नं. ७, कि.नं. ४०८, क्षेत्रफल ०-२-२.२५-० |
| ४२ | ४१६५ | शाह जहाँ खातुन | कर्जन्हा ७, हाल<br>लहान ९, सिरहा | अन्दुल खालीक<br>मो. अताबुल | २१/१०/२०७८ | ४०००००.०० | २८२६९३.०३ | जि. सिरहा लहान गोठ वार्ड नं. ३, कि.नं. ९०७, क्षेत्रफल ०-०-६-० |
| ४३ | ४१८२ | रजन देवी यादव | सुन्दरपुर ४, हाल<br>सोनमा गा.पा. ७, महोत्तरी | राजा राम यादव<br>ठगन राय यादव | २६/१०/२०७८ | ६९५९१२.३० | ४३७०७०.२५ | जि. महोत्तरी सुन्दरपुर वार्ड नं. ७/ख, कि.नं. ५५१, क्षेत्रफल ०-५-३-० |
| ४४ | ४१८८ | सुरेश कुमार कार्की | पिप्रा पश्चिम १, हाल<br>सुरुङ्का १, सप्तरी | येक बहादुर कार्की<br>भक्त बहादुर कार्की | २७/१०/२०७८ | ७९९३७५.४१ | ५४६११०.१६ | जि. सप्तरी पिप्रा पश्चिम वार्ड नं. २/क, कि.नं. ६२३, क्षेत्रफल ०-१-६-०, जि. सप्तरी पिप्रा पश्चिम वार्ड नं. १, १, कि.नं. ८६७, ७६८, क्षेत्रफल ०-१-९-०, ०-०-१७.५०-० |
| ४५ | ४२०१ | राजिव कुमार यादव | महेशपुर पतारी ५, हाल<br>लक्ष्मीपुर पतारी ३, सिरहा | बौएलाल यादव<br>बाबुजी यादव | ४/१२/२०७८ | ७०००००.०० | ४८७९३४.९० | जि.सिरहा महेशपुर हरिनगर वार्ड नं. ५, कि.नं. ६२९, क्षेत्रफल ०-३-१०-० |
| ४६ | ४२१५ | सिकील वती | इटहर्वा १, हाल<br>सखुवानन्कारकट्टी ५, सिरहा | जिवछ यादव<br>गोवरधन यादव | ३/११/२०७७ | ६३२९९९.०० | ३९१२६२.५७ | जि.सिरहा महदेवा पोर्ताहा वार्ड नं. २/क, २/क, कि.नं. ४६३, ८८८, क्षेत्रफल ०-३-१०-०, ०-३-५.५-० |
| ४७ | ४२२३ | हैदर अलि मियाँ | लहान ५, हाल ९, सिरहा | झुलरा मिया<br>नेवाजी मिया | १३/११/२०७८ | २१८०१०.०५ | ११०९२४.३५ | जि.सिरहा लहान गोठ वार्ड नं. ३, कि.नं. ७७७, क्षेत्रफल ०-०-५-० |
| ४८ | ४२२६ | सिता कुमारी मण्डल | रायपुर २, हाल<br>रुपनी गा.पा. २, सप्तरी | कारी मण्डल धानुक<br>भगत मण्डल धानुक | १३/११/२०७८ | ६९९९९२.१२ | ३९९२८०.६६ | जि. सप्तरी नकटी रायपुर वार्ड नं. २/क, कि.नं. ७१२, क्षेत्रफल ०-१-२.५-० |
| ४९ | ४२२९ | सुगम्बर लाल दास | दिघवा १, हाल<br>राजविराज १०, सप्तरी | जनक लाल दास<br>मकुम लाल दास | १५/११/२०७८ | ३९९९९९३.२० | २६७६६६९.३३ | जि. सप्तरी दिघवा वार्ड नं. १/क, १/क, १/क, १/क, १/क, कि.नं. ७८२, ७९०, ७९५, ७८५, ७८७, क्षेत्रफल ०-०-१६.५-०, ०-२-११-०, ०-०-९.७५-०, ०-४-०.२५-०,०-१-२.५-०, जि.सप्तरी दिघवा वार्ड नं. १, १, कि.नं. ७१८, ७१९, क्षेत्रफल १२०.६०, १५.४०, जि. सप्तरी राजविराज वार्ड नं. ५/क, कि.नं. ५४१३, क्षेत्रफल ०-०-८-० |
| ५० | ४२३७ | बिन्दी यादव | भगवतीपुर ता.सु. १, हाल<br>नवराजपुर १, सिरहा | जनक यादव<br>रुपन यादव | २२/११/२०७८ | ३००००००.०० | १९१४४६४.११ | जि.सिरहा भगवतीपुर ता.सु. वार्ड नं. १/क, कि.नं. ५२५, क्षेत्रफल ०-२-१०.५-०, जि.सिरहा भगवतीपुर ता.सु. वार्ड नं. १/ख, कि.नं. ५२, क्षेत्रफल ०-७-६-० |

**छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो ।**

**समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो । छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ ।**

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)